# लैङ्गिक उत्तरदायी बजेट तयारी र विश्लेषण

## पालिका तहका लागि सहजीकरण पुस्तिका








साालु बस्नेत र सुशान्त आचार्य

© 2026, Southasia Institute of Advanced Studies (SIAS)

## प्रकाशक

**साउथएसिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडिज (सियास)**
मिनभवन, काठमाडौं, नेपाल
इमेलः sias-info@sias-southasia.org
फोनः +९७७-१-४५६९८०१, ४५६९९३८
पोष्टबक्सः २३४९९
वेबसाइटः https://sias-southasia.org

## डिजाइन

प्रदिप ढकाल, सियास

## उद्धरणका लागि

सालु बस्नेत र सुशान्त आचार्य (२०८३)। लैङ्गिक उत्तरदायी बजेट तयारी र विश्लेषणः पालिका तहका लागि सहजीकरण पुस्तिका। साउथएसिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडिज, काठमाडौं।

## प्रकाशन मिति

जेठ, २०८३ (जुन, २०२६)

## हार्दिक धन्यवाद

यस अध्ययन कार्यलाई सफल बनाउन महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने श्री मालारानी गाउँपालिका प्रति हार्दिक आभार व्यक्त गर्दछौं। त्यस्तै, मालारानी गाउँपालिका अध्यक्ष श्री दल बहादुर भट्टराई, उपाध्यक्ष दीपा पोखरेल र महिला शाखा प्रमुख तिर्सना पौडेल र सियासका अनुसन्धानकर्ता डा. मनिराम बन्जाडे, डा. मिता सैंजु प्रधान र सागरदिप भुसालज्यूले पुऱ्याउनुभएको अमूल्य सहयोगप्रति पनि हामी विशेष कृतज्ञता प्रकट गर्दछौं।

# पृष्ठभूमि

नेपालको संविधान २०७२ मा समावेश गरिएका मौलिक हक अन्तर्गत धारा १६ मा सबै व्यक्तिहरूको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक, र धारा ३८ मा महिलाको हक उल्लेख गरिएका छन् । महिलाको हक सम्बन्धी मौलिक अधिकारले लैङ्गिक समानताप्रतिको कानुनी प्रतिबद्धतालाई जोड दिन्छ । यसै प्रतिबद्धताको लागि नेपालले लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति २०७६, राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ र प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७, समावेशीकरणमा जोड दिने आवधिक योजनाहरू बनाई कार्यान्वयन गरेको छ ।

अन्तर्राष्ट्रिय स्तरमा नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, बेइजिङ कार्यमञ्च र दिगो विकास लक्ष्यहरू जस्ता दस्तावेजमा हस्ताक्षर गरेको छ ।



यी महासन्धिहरूमा जनाएको प्रतिबद्धताले नेपालको लैङ्गिक समानता प्राप्तिको दृढ संकल्पलाई थप उजागर गर्दछ। यी प्रतिबद्धताहरूले राष्ट्रिय विकासका योजनाहरू लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट निर्माण र कार्यान्वयन गर्न सुनिश्चित गर्ने काम गर्दछ।

लैङ्गिक समानता हासिल गर्न भएका विश्वव्यापी प्रयासहरूमा सहमति जनाउँदै नेपालले सो लक्ष्य हासिल गर्न बनाएका नीतिगत प्रावधानहरू उदाहरणीय छन्। नेपालको लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी कानुनी प्रावधानहरूले लैङ्गिक समानता हासिल गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने र सार्वजनिक वित्तलाई लैङ्गिक दृष्टिकोणबाट हेरिने अभ्यासलाई संस्थागत गर्ने देखिन्छ। यसको कार्यान्वयनले लैङ्गिक, आर्थिक विकास र सामाजिक न्याय बीचको अन्तरसम्बन्धलाई सम्बोधन गर्दै स्रोत र लाभको बाँडफाँडमा पारदर्शिता बढाई सुशासनलाई सुदृढ बनाउँछ। तसर्थ समान स्रोत वितरणलाई प्रवर्द्धन गर्न र ऐतिहासिक रूपमा सीमान्तकृत समूहहरूलाई सशक्त बनाउन लैङ्गिक उत्तरदायी बजेट एक महत्वपूर्ण साधन बनेको छ।


यद्यपि, लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा भने धेरै चुनौतीहरू छन्। हाम्रा सामाजिक मूल्य मान्यताहरू, सीमित स्रोत, खण्डीकृत तथ्याङ्कको अभाव, जस्ता अवरोधहरूले यसमा बाधा पुर्‍याइरहेका छन्। यी अवरोधहरू पन्छाउँदै अगाडि बढ्ने प्रयासहरू भने राष्ट्रिय तथा स्थानीय स्तरमा भइरहेका नै छन्। तसर्थ यस पुस्तिकाको उद्देश्य पालिका तहमा लैङ्गिक उत्तरदायी बजेट प्रक्रियालाई संस्थागत गर्न योजना तयारी र यसको कार्यान्वयनमा स्थानीय सरकारलाई सहयोग पुर्‍याउनु रहेको छ। यो पुस्तिका अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा गरिएका छलफल र लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका लागि अपनाइएका विधि र अभ्यासहरूको आधारमा तयार गरिएको हो। यस पुस्तिकाले पालिकाहरूलाई लैङ्गिक उत्तरदायी बजेट प्रक्रिया अवलम्बन गर्न सहजीकरण गर्नेछ। साथै यहाँ उल्लिखित प्रक्रियाहरू हुबहु अवलम्बन नगरी यसलाई सन्दर्भ सामाग्रीको रुपमा लिई स्थानीय परिवेश अनुसार कार्यान्वयन गर्न सकिने छ।

# १. परिचय

## १.१ सन्दर्भः लैङ्गिक असमानताको विद्यमान अवस्था

लैङ्गिक असमानताले महिला वा पुरुष कसैप्रति सामाजिक मूल्य मान्यताका आधारमा गरिने असमान व्यवहार वा धारणालाई बुझाउँछ। लैङ्गिक असमानता विशेष गरी सामाजिक रुपमा निर्मित र संस्थागत भएका लैङ्गिक भूमिकाहरूबाट उत्पन्न हुने गर्दछन्। विभिन्न सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य मान्यताहरूले लैङ्गिक असमानताको निरन्तरतामा सहयोग पुऱ्याइरहेका हुन्छन्। नेपालमा लैङ्गिक असमानताको फराकिलो अन्तर रहेको छ। नेपालको आधाभन्दा बढी जनसंख्या महिलाको रहेपनि पुरुषको तुलनामा उनीहरू हरेक क्षेत्रमा पछाडी परेको अवस्था छ।

नेपाली समाजमा महिलाहरू आज पनि सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक रुपमा पछाडि रहेका छन्। पितृसत्तात्मक सोच र व्यवस्थाका कारण महिलाहरूको




*स्रोत: राष्ट्रिय जनगणना २०७८, नेपाल सरकार*

चित्र १: लैङ्गिक असमानताको विद्यमान अवस्था



दैनिक गतिविधिहरू अझैपनि उनीहरूका बुवा, श्रीमान् र छोरामा पूर्ण वा आंशिक रुपमा निर्भर रहेको देखिन्छ। मानव विकास प्रतिवेदन २०२३/२०२४ का अनुसार नेपाल लैङ्गिक असमानताको सूचीमा १९३ राष्ट्रहरूमध्ये १४६ औं स्थानमा पर्दछ। नेपालको राष्ट्रिय जनगणना २०२१ का अनुसार पुरुषको तुलनामा महिलाहरू कम साक्षर छन्। त्यसैगरी महिला घरमूली रहेको घरधुरी जम्मा ३१.५५ प्रतिशत मात्र छन् र घर जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको निकै कम (११.८ प्रतिशत) रहेको छ। जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार ५२ प्रतिशत महिलाहरू अझै पनि पारिश्रमिक नपाइने घरायसी तथा हेरचाहसम्बन्धी काममा संलग्न छन्। यसले लैङ्गिक असमानताको गहिरो अवस्था देखाउँछ। त्यसैले हालका प्रयासलाई निरन्तरता दिँदै असमानताको मूल कारण समाधान गर्ने लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक छ। लैङ्गिक समानता आधारभूत मानव अधिकार हुनुका साथै आर्थिक र सामाजिक विकासको लागि समेत अपरिहार्य रहेको हुँदा यसका मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्न अत्यावश्यक छ।

## १.२ लैङ्गिक समानताका लागि भएका नीतिगत व्यवस्था तथा अभ्यास

नेपालले लैङ्गिक समानताका लागि विभिन्न अन्तर्राष्ट्रिय नीतिहरूमा आफ्नो प्रतिबद्धता देखाउनुका साथै यसलाई प्राथमिकतामा राखी राष्ट्रिय नीति, कानुन तथा कार्यविधिहरू बनाएर लागु गरेको छ। नेपालको संविधान २०७२ ले महिलाको समानुपातिक र समावेशी सहभागिता सुनिश्चित गरेको छ। यसैगरी नेपाल सरकारले 'सामाजिक समावेशीकरण नीति' २०७६ र 'राष्ट्रिय लैङ्गिक समानता नीति २०७७' तर्जुमा गरी लागु गरेको छ। यी बाहेक हरेक क्षेत्रगत नीति (जस्तैः वन, स्वास्थ्य) तथा रणनीतिहरूमा महिलाको हक र अधिकार सुनिश्चित गर्न र उनीहरूको सशक्तीकरणका लागि विशेष प्रावधानहरूको व्यवस्था पनि गरिएको छ। लैङ्गिक समानताको राष्ट्रिय प्रतिबद्धता स्थानीयकरण गर्नका लागि भनेर स्थानीय तहका लागि सामाजिक समावेशीकरण नमूना नीति, २०७८ पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेको छ। यसका अलावा स्थानीय सरकार संचालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाहरूले आफ्नो मध्यकालीन तथा दीर्घकालिन योजनाहरू





बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर्सम्बन्धित विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरिएको छ । नेपालले तर्जुमा गरेका यी विभिन्न कानुन तथा नीतिहरू लैङ्गिक हिंसा र कुरीतिहरूको अन्त्य गर्दै हरेक क्षेत्रमा उनीहरूको सक्रिय संलग्नता सुनिश्चित गर्न र अन्ततः महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणमा टेवा पुऱ्याउन केन्द्रित छन् । उदाहरणका लागि सरकारी तहबाट व्यवस्था भएका कानुनी प्रावधानहरू तल चित्र नं. २ मा उल्लेख गरिएको छ ।

नेपालमा महिलाको सशक्तीकरणमा टेवा पुऱ्याउन गरिएका विभिन्न नीतिगत पहलहरू प्रशंसनीय छन् तर यी प्रतिबद्धताहरूलाई व्यवहारमा लागु गर्न भने धेरै चुनौतिहरू रहेका छन् । पितृसत्तात्मक सोच, विभेदपूर्ण सामाजिक मूल्य मान्यता तथा सामाजिक चेतनाको कमीले गर्दा लैङ्गिक समानता हासिल गर्न बनाइएका यी कानुनी प्रावधानहरू पूर्ण रुपमा लागु भएको अवस्था छैन । त्यसैगरी महिलाका वास्तविक आवश्यकता र चासोका विषयहरूको पहिचान र प्राथमिकीकरण गरी सोही अनुरुपको योजना, कार्यक्रम र बजेट कमै तर्जुमा हुने गरेको छ । महिलालाई प्राथमिकतामा राखी बनाइएको कार्यक्रमहरू पनि लैङ्गिक उत्तरदायी भएको अवस्था छैन । यसै कुरालाई सम्बोधन गर्न लैङ्गिक उत्तरदायी बजेटको अवधारणा आएको हो जुन तलको खण्डमा व्याख्या गरिएको छ ।





चित्र २: महिलाका लागि भएका केही कानुनी प्रावधानहरू

## १.३ लैङ्गिक उत्तरदायी बजेटः अवधारणा र अभ्यास

लैङ्गिक उत्तरदायी बजेट भन्नाले बजेटका सबै प्रक्रियाहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्दै लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता गर्ने प्रक्रिया बुझिन्छ । यस प्रक्रियाले योजना तर्जुमा गर्दा लैङ्गिक विश्लेषण गरी लैङ्गिक विभेद न्यूनीकरण गर्न उद्देश्यमूलक कार्यक्रमहरूको निर्माण र प्राथमिकीकरण गर्दै बजेट विनियोजन गर्न उत्प्रेरित गदर्छ । तसर्थ लैङ्गिक उत्तरदायी बजेट पद्दतिलाई लैङ्गिक समानता र महिला सशक्तीकरणलाई थप सुदृढ गराउने एक औजारको रुपमा लिन सकिन्छ ।


लैङ्गिक उत्तरदायी बजेट महिलाका लागि राखिने छुट्टै बजेट मात्र नभई हरेक योजना बनाउँदा, कार्यान्वयन वा अनुगमन गर्दा लैङ्गिक उत्तरदायी दृष्टिकोणबाट बजेट तर्जुमा र परिचालन गर्ने प्रक्रिया हो । विभिन्न योजना तथा बजेट तर्जुमा गर्दा त्यसका उपलब्धि वा सेवा वितरण तथा उपभोग प्रक्रियामा लैङ्गिक समता हासिल गर्न लैङ्गिक उत्तरदायी दृष्टिकोणले हेर्नुपर्ने हुन्छ । तसर्थ लैङ्गिक उत्तरदायी बजेटको उद्देश्य जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्दै लैङ्गिकताका सवालहरूलाई बजेट निर्माण तथा विनियोजन प्रकियामा मूलप्रवाहीकरण गर्नु हो । यसैगरी लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकिया अपनाउनाले लैङ्गिक उत्तरदायी समानता हासिल गर्न बनाइएका नीतिहरू लागू गर्न पर्याप्त बजेट विनियोजन भए नभएको अनुगमन गर्न मद्धत पुग्ने देखिन्छ ।



लैङ्गिक उत्तरदायी बजेटको दुई पक्षहरू छन् - प्राविधिक र राजनीतिक । यी दुई पक्षहरूले महिला सशक्तीकरण र लैङ्गिक समानताका लागि टेवा पुऱ्याउँछन् ।

लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकियाको इतिहास हेर्दा यसको सुरुवात सन् १९८० देखि अस्ट्रेलियाबाट भए पनि विश्वव्यापी रूपमा यसको अवधारणा पहिलो पटक भने सन् १९९५ मा बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनमा प्रस्तुत गरिएको थियो । यसै सम्मेलनबाट नीति तर्जुमा गर्ने तहमा रहने व्यक्तित्वहरूलाई बजेट निर्माण तथा परिचालनलाई लैङ्गिकताको दृष्टिकोणबाट हेर्न समेत प्रेरित गरिएको थियो । नेपाल पनि लैङ्गिकतासँग सम्बन्धीत अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्ष राष्ट्र भएको हुनाले यसको नीतिगत व्यवस्था र अभ्यास गर्दै आएको छ ।

## लैङ्गिक उत्तरदायी बजेट




- बजेट तथा कायर्क्रमका सबै पक्षलाई लैङ्गिक संवेदनशीलताको आँखाले हेर्ने प्रक्रिया
- बजेटको सबै उपलब्धिमा महिला र पुरुषको सन्तुलित सहभागिता र सन्तुलित लाभ हासिल भए नभएको विश्लेषण गर्ने प्रकृया





- महिलाको लागि छुट्टै बजेट मात्र
- महिलाको लागि धेरै आर्थिक स्रोत

## १.४ नेपालमा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी नीतिगत व्यवस्था

नेपालले लैङ्गिक उत्तरदायी बजेटको सुरुवात राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले महिला, बालबालिका र ज्येष्ठ नागरिक मन्त्रालयसँगको समन्वयमा सुरु गरेको हो । लैङ्गिक समानताको लागि नेपालको संविधानमा उल्लेख गरिए बमोजिम र अन्तर्राष्ट्रिय स्तरमा जनाइएको प्रतिबद्धता अनुरुप आर्थिक वर्ष २०६४/२०६५ देखि लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा रहेको छ । यसको कार्यान्वयनमा टेवा पुऱ्याउन अर्थ मन्त्रालयले वि.सं २०६९ मा लैङ्गिक उत्तरदायी बजेट पुस्तिका प्रकाशित गऱ्यो । यसैगरी नेपालको पन्ध्रौँ योजनामा पनि स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट प्रक्रिया संस्थागत गर्नुपर्ने कुरा उल्लेख भएसँगै सरकारले लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति, २०७२ पनि ल्याएको छ । प्रादेशिक र स्थानीय तहमा कार्यक्रम तर्जुमा गरी यसलाई संस्थागत गर्न प्रादेशिक र स्थानीय तह लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशका, २०७७ कार्यान्वयनमा छ । यस लगायत अर्थ मन्त्रालयको बजेट व्यवस्थापन सूचना प्रणाली (BMIS) र मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मार्फत बजेट कति लैङ्गिक उत्तरदायी भयो भएन ट्र्याक गर्न सकिने व्यवस्था गरिएको छ । चित्र नं ३ मा नेपालको लैङ्गिक समानता र लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी केही ऐतिहासिक विकासक्रम उल्लेख गरिएको छ ।






चित्र ३: नेपालको लैङ्गिक समानता र लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी ऐतिहासिक विकासक्रम

# २. लैङ्गिक उत्तरदायी बजेटः मुख्य चरण तथा क्रियाकलापहरू

लैङ्गिक उत्तरदायी बजेटले कुनै पनि क्षेत्रको योजना तथा कार्यक्रमहरूको साधनस्रोत, त्यसको उपयोग, उपलब्धि र प्रभावको लेखाजोखा गर्दछ । लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रिया अवलम्बन गर्न वार्षिक योजना तर्जुमा देखि यसको कार्यान्वयनसम्मका हरेक चरण लैङ्गिक दृष्टिकोणबाट गरिनुपर्दछ ।

यस खण्डमा हाम्रो कार्यमूलक अनुसन्धान **समुत्थान** परियोजना अन्तर्गत 'मालारानी गाउँपालिकामा' लैङ्गिक उत्तरदायी बजेट प्रक्रिया संस्थागत गर्न गरिएका गतिविधिहरूका आधारमा लैङ्गिक उत्तरदायी बजेट निर्माणका चरणहरू राखिएको छ ।

लैङ्गिक उत्तरदायी बजेट अवलम्बन गर्दा अपनाइने चरणहरू निम्नानुसार रहेका छन् :

## २.१ पहिलो चरणः लैङ्गिक अवरोधहरूको पहिचान

यस चरणमा महिला तथा बालिकाहरूको आवश्यकता र लैङ्गिक अवरोधहरूको पहिचान गर्नुपर्छ । यस अन्तर्गत निम्न क्रियाकलापहरू गर्नुपर्छ ।

- पालिकाले आफ्नो पालिकामा रहेका महिला, बालिका र अन्य समूहहरूको आवश्यकता, जोखिम र प्राथमिकताहरूको विश्लेषण गर्ने ।
- पालिकाको विद्यमान नीति तथा कार्यक्रमहरूले लैङ्गिक असमानतालाई कति हदसम्म सम्बोधन गर्छन् र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्छन् भन्ने कुराको समीक्षा गर्ने ।

- पालिकाले सामाजिक वा आर्थिक क्रियाकलापमा संलग्न हुँदा महिलाहरूले सामना गर्नुपर्ने बाधा अवरोधहरूको पहिचान र विश्लेषण गर्ने ।
- समुदायको संलग्नतामा महिला तथा बालिकाहरूको आवश्यकता पहिचान गर्ने ।

लैङ्गिक अवरोधहरूको पहिचानका लागि मालारानी गाउँपालिकामा गरिएको अभ्यास बक्स नं १ मा उल्लेख गरिएको छ ।

**बक्स १: लैङ्गिक अवरोधहरूको पहिचान सम्वन्धि अभ्यास**

महिलाहरूको आर्थिक सशक्तीकरणमा प्रभावकारी योगदान पुऱ्याउन उनीहरूको आवश्यकता र अवरोधहरूको पहिचान गरी सोही अनुसार योजना तथा कार्यक्रमहरू तर्जुमा गर्नु पर्दछ । यसका लागि मालारानी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न चरणमा छलफल तथा अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो । यी कार्यक्रम र छलफलहरूमा लैङ्गिकताको सवालमा सचेतना जगाउने, महिलाहरू कुनै पनि सामाजिक वा आर्थिक क्रियाकलापमा संलग्न हुँदा समाना गर्नुपर्ने अवरोधहरूबारे उनीहरूसँगै छलफल गर्ने तथा ती बाधाहरूलाई कम गर्न आवश्यक क्रियाकलापहरू पहिचान तथा प्राथमिकीकरण गरियो । यसरी प्राथमिकीकरण गरिएका कार्यक्रमहरू कार्यतालिका बनाई उनीहरू मार्फत नै कार्यान्वयन गर्न सहजीकरण गरियो । सहजीकरणका लागि स्थानीय महिला नेत्री तयार पार्नुका साथै पालिकाको महिला शाखा प्रमुखले समेत समुदाय तहका छलफलहरूमा सहजीकरण गर्नु भयो । यस प्रक्रियामा विभिन्न जाति, भौगोलिक क्षेत्र र वर्ग (साना र ठूला किसान) का महिला किसानहरूको सहभागीता सुनिश्चित गरिएको थियो । लैङ्गिकताका मुद्दाहरूमा पुरुषहरूलाई संलग्न गराउनुपर्ने र संवेदनशील बनाउनुपर्ने आवश्यकतालाई महसुस गर्दै केही अग्रज पुरुषहरूलाई पनि प्रक्रियामा सहभागी गराइएको थियो ।

## २.२ दोस्रो चरण: लैङ्गिकताको खण्डिकृत तथ्याङ्कको आधारमा पालिकाको कार्यक्रम र बजेटको विश्लेषण

यस चरणमा लैङ्गिकताको खण्डीकृत तथ्याङ्कको आधारमा पालिकाको कार्यक्रम र बजेटको विश्लेषण गर्नुपर्दछ। यस अन्तर्गत निम्न क्रियाकलापहरू गर्नुपर्छ।

- पालिकामा लैङ्गिकताको आधारमा अद्यावधिक खण्डिकृत तथ्याङ्क संकलन गरी डाटाबेस कायम गर्ने।
- सोही तथ्याङ्कको आधारमा पालिकाको बजेट विनियोजन र त्यसको कार्यान्वयनले महिला र पुरुषलाई पार्ने प्रभावबारे विश्लेषण गर्ने।
- विश्लेषण गर्दा महिला सशक्तीकरण गर्ने कार्यक्रमहरू उनीहरूको आवश्यकताका आधारमा तर्जुमा भए नभएको कुरा विचार गर्ने।
- पालिकाको वार्षिक योजना र बजेट लैङ्गिक उत्तरदायी बजेटको दृष्टिकोणबाट समीक्षा गर्ने।
- बजेटको समीक्षा गर्दा राष्ट्रिय तथा स्थानीय तहका लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी नीति तथा रणनीतिहरूलाई आधार मानेर गर्ने।
- स्रोतहरू प्रभावकारी रूपमा प्रयोग गरिएका छन् कि छैनन् र सार्वजनिक सेवाहरू सबैका लागि पहुँचयोग्य र लाभदायक छन् कि छैनन् भनेर निर्धारण गर्ने।

**बक्स २: मालारानी गाउँपालिकाको बजेट विश्लेषण**

मालारानी गाउँपालिकाले साउथएसिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडीज (सियास) को प्राविधिक सहयोगमा आफ्नो वार्षिक कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी बजेटको दृष्टिकोणबाट विश्लेषण गरेको थियो । विश्लेषणको लागि पालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले समन्वय गरेको थियो। सो विश्लेषण गर्दा अर्थ मन्त्रालयको लैङ्गिक उत्तरदायी बजेट पुस्तिकालाई आधार मानिएको थियो । यस पुस्तिकामा कुल बजेटको ६० प्रतिशत वा सो भन्दा बढी बजेटलाई निर्दिष्ट, १० प्रतिशत देखि ५९ प्रतिशत सम्मको बजेटलाई सहयोगी र ९ प्रतिशत वा सो भन्दा कम बजेटलाई तटस्थ बजेटको रुपमा उल्लेख गरिएको छ।

यसका अतिरिक्त अन्य पालिकाहरूले आफ्नो वार्षिक योजना र कार्यक्रमहरू महिलामुखी बनाउन र उनीहरूको सशक्तीकरणमा टेवा पुऱ्याउन अपनाइएका बजेट विनियोजनका अभ्यासहरू पनि अध्ययन गरिएको थियो । त्यसैगरी मालारानी गाउँपालिकाको वार्षिक कार्यक्रमहरू लैङ्गिक विभेद निर्मूल गर्ने र महिलाहरूको सशक्तीकरणमा टेवा पुऱ्याउने खाले भए नभएको मूल्याङ्कन गरिएको थियो। यसका साथै यस्ता कार्यक्रमहरू महिलाहरूका वास्तविक आवश्यकताका आधारमा तर्जुमा भए नभएको कुराको समेत समीक्षा गरिएको थियो । महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तीकरण र लैङ्गिक विभेद निर्मूल गर्ने केही कार्यक्रमहरू तल बक्स नं ३ मा उल्लेख गरिएको छ।

मालारानी गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेट विश्लेषणबाट पालिकाका थुप्रै विद्यमान कार्यक्रम र बजेटका शीर्षकहरू लैङ्गिक उत्तरदायी बजेटको हिसाबले निर्दिष्ट वा सहयोगी नदेखिएतापनि कार्यान्वयनमा भने महिलालाई प्राथमिकता दिइएको पाइयो। उदाहरणका लागि, गाउँपालिकाले *प्राविधिक विषय अध्ययनका लागि विद्यार्थीहरूलाई छात्रवृत्ति* भन्ने शीर्षकमा छुट्याइएको बजेट वितरण गर्दा महिला तथा पिछडिएका वर्गलाई प्राथमिकता दिने गरेको पाइयो। यसका साथै अन्य थुप्रै कार्यक्रम तथा बजेटमा महिलालाई प्राथमिकतामा राखे पनि सो कुरा बजेट तथा कार्यक्रमको शीर्षकमा स्पष्ट नखुलाइएको हुनाले त्यस्ता बजेट र कार्यक्रमहरू लैङ्गिक उत्तरदायी बजेटको हिसाबले तटस्थ रहेको पाइयो।

## बक्स ३: महिला सशक्तीकरण तथा लैङ्गिक समानतासँग सम्बन्धीत केही क्रियाकलापहरू

जीविकोपार्जन सशक्तीकरणसँग सम्बन्धीत

- पूर्वाधार योजनाहरूमा महिलाहरूलाई रोजगारी
- उच्च ज्यालाका लागि महिला श्रमिकहरूको सीप अभिवृद्दि सम्बन्धी तालिम
- बिउ, मल तथा बिउका उन्नत जातहरू, आपूर्तिकर्ता तथा मूल्य सम्बन्धी जानकारीमा पहुँच
- घरमा गर्नुपर्ने कठिन परिश्रमलाई न्यून गर्न प्रविधि तथा उपकरणहरूमा पहुँच
- दुर्गम क्षेत्रका बालिका तथा महिलाहरूको पहुँचमा स्वास्थ्य हेरचाह सुविधाहरूको अभिवृद्दि आदि ।

आवाज /सामाजिक सशक्तीकरणसँग सम्बन्धीत

- लैङ्गिक हिंसा, जातीय विभेद सम्बन्धी कानुनी अधिकारका बारेमा महिलाहरूलाई अभिमुखीकरण
- विभिन्न समितिहरूमा निर्णय तहमा महिलाहरूको प्रतिनिधित्व र क्षमता सुदृढीकरण
- सहकारी, महिला उपभोक्ता समूह तथा अन्य संघ सङ्गठनका महिलाहरूलाई नेतृत्व विकास तालिम
- सेवा तथा सेवा प्रवाह संयन्त्रका बारेमा तालिम
- विकासका विभिन्न लाभहरूको पहुँचमा हुने विभिन्न लैङ्गिक अवरोधहरूका बारेमा छलफल तथा संवाद आदि ।

विभेदजन्य औपचारिक तथा अनौपचारिक नीति, मूल्यमान्यता तथा मानसिकताहरूमा परिवर्तन

- स्थानीय नेताहरू, निर्णयकर्ता र निजी क्षेत्रका रोजगार दाताहरू जस्तै निर्माण व्यवसायीहरूलाई महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अभिमुखीकरण
- दक्ष निर्माण श्रमिक जस्तैः डकर्मी, प्लम्बर जस्ता परम्परागत रूपमा पुरुषले मात्र गर्दै आएका कामहरूमा महिलालाई पनि उत्प्रेरित गर्ने किसिमका कार्यक्रमहरू
- पुरुषत्व र यसले महिला हिंसामा पारेका प्रभावका बारेमा पुरुषलाई लक्षित गरी जनचेतना
- महिलाको हिँडडुल तथा निर्णय लिने क्षमता सम्बन्धी लैङ्गिक मान्यताहरूमा परिवर्तनका लागि पैरवी
- भूमि तथा अन्य आर्थिक स्रोतहरूमा महिलाहरूको स्वामित्व अभिवृद्दि आदि ।

*स्रोतः प्रादेशिक र स्थानीय तह लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशका, २०७७*

त्यसैगरी महिलाका शीर्षक अन्तर्गतको बजेट उनीहरूको आर्थिक र सामाजिक सशक्तीकरणमा महत्वपूर्ण योगदान नपुऱ्याउने किसिमका कियाकलापहरू जस्तै दिवस मनाउने, सम्मान कार्यक्रम आयोजना गर्ने आदिमा छुट्याइएको पाइयो । तसर्थ कार्यक्रमहरू तर्जुमा गर्दा त्यसको शीर्षक स्पष्ट हुने गरी राख्नुपर्छ र बजेट विश्लेषण गर्दा लैङ्गिक उत्तरदायित्वको कोड दिनु अघि कार्यक्रमको प्राथमिकता र लक्षित समूहबारे विश्लेषण गर्नुपर्छ ।



मालारानीमा गरिएको कार्यक्रमहरूको समीक्षाको सानो अंश तल तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ : मालारानीमा गरिएको बजेटको समीक्षाको सानो अंश**

| विषय क्षेत्र | क्रं.सं | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु | शीर्षकको आधारमा | कार्यान्वयनको आधारमा |
|---|---|---|---|---|---|
| कृषि तथा पशुपंक्षी | १ | हेफर प्रोजेक्टसँगको लागत साझेदारीमा सञ्चालित मालारानी कृषि तथा पशु उद्धम विकास परियोजना | ७६,००,००० | सहयोगी | निर्दिष्ट |
| | २ | कृषि तथा भेटेरिनरि (कम्तिमा १५ महिनाको जे.टि.ए) उतिर्ण गरी व्यवसाय संचालन सुनिश्चितताको आधारमा प्रोत्साहन कार्यक्रम | ७,००,००० | सहयोगी | निर्दिष्ट |
| | ३ | कृषि तथा पशुपालन कार्यक्रम (कार्यविधि बमोजिम हुने गरि) | १५,००,००० | सहयोगी | निर्दिष्ट |
| | ४ | व्यावसायिक कृषि उत्पादनको लागि प्लास्टिक टनेल खरिद तथा वितरण | ७, ००, ००० | सहयोगी | निर्दिष्ट |
| | ५ | वडा नं २, ३, ५ र ६ मा रहेका कोल्ड स्टोरहरू व्यवस्थापन | २०,००,००० | सहयोगी | सहयोगी |
| | ६ | कृषि तथा पशु बिमा साझेदारी कार्यक्रम | १,००,००० | सहयोगी | सहयोगी |
| | ७ | व्यवसायिक जडिबुटी खेती कार्यक्रम | ५,००,००० | सहयोगी | निर्दिष्ट |
| | ८ | व्यावसायिक कागती खेती कार्यक्रम | ५०,००० | सहयोगी | निर्दिष्ट |
| | ९ | पशु सेवा संचालनको लागि औषधि खरिद | २०,००० | सहयोगी | निर्दिष्ट |

## २.३ तेस्रो चरण: पालिकाको वार्षिक योजनामा लैङ्गिक आवश्यकता र अवरोध सम्बोधन गर्ने कार्यक्रमहरूको समावेशीता

यस चरणमा पालिकाको वार्षिक योजनामा लैङ्गिक आवश्यकता र अवरोध सम्बोधन गर्ने कार्यक्रमहरू समावेश गर्नुपर्दछ। यसरी निर्माण गरिएका योजना तथा क्रियाकलापहरू विभिन्न पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तीकरण तथा संरचनात्मक विभेदलाई न्यूनीकरण गर्ने खालका हुनुपर्छ। यस्ता केही क्रियाकलापहरूका उदाहरण माथि बक्स नं ३ मा राखिएको छ।

यस चरणमा निम्न क्रियाकलापहरू गर्नुपर्छ:

- पालिकाहरूले प्रथम चरणमा पहिचान गरेका लैङ्गिक आवश्यकता र बाधा अवरोधहरूलाई समाधान गर्ने खाले कार्यक्रमहरू एक ठाउँमा ल्याउने।
- कार्यक्रमहरूको पहिचान गर्दा महिला तथा बालिकाहरूको वास्तविक आवश्यकतालाई ध्यानमा राखी पालिकाको खण्डिकृत तथ्याङ्कको आधारमा गर्ने।
- पालिकाका अन्य वार्षिक कार्यक्रमहरू (सबै क्षेत्रका) पनि लैङ्गिक उत्तरदायी बनाउने।
- लैङ्गिक उत्तरदायी बजेटको प्रभावहरू मापन गर्ने सूचकहरू विकास गर्ने।

सुरुवाती चरणमा पालिकाका जनप्रतिनिधिहरू तथा कर्मचारीहरू बीच लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी बुझाईमा एकरुपता ल्याउनु आवश्यक हुन्छ। यसका लागि उनीहरू बीच एक वा आधा दिनको संयुक्त छलफल राख्नु उपयुक्त हुन्छ। यस्तो छलफललमा सकेसम्म विषयगत विज्ञबाट सहजीकरण गराउन सकिन्छ। मालारानी गाउँपालिकामा गरिएको यस किसिमको छलफल बक्स नं ४ मा उल्लेख गरिएको छ।

**बक्स नं ४: जनप्रतिनिधि र कर्मचारी बीच साझा बुझाईका लागि पालिकास्तरीय छलफल**

सियासले गरेका सुरुवाती छलफलहरूमा जनप्रतिनिधि र कर्मचारीहरूले लैङ्गिक उत्तरदायी बजेट भनेको महिलासँग सम्बन्धित अलग्गै कार्यक्रम र छुट्टै बजेट विनियोजन भन्ने बुझाई रहेको पाइयो । उनीहरूलाई यस विषयमा सचेतनाको आवश्यकता छ भन्ने महसुस भएपछि जनप्रतिनिधि र कर्मचारी सँगै राखेर विभिन्न चरणहरूमा छलफल तथा कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । यी छलफल तथा कार्यशाला गोष्ठीमा सहजकर्ताहरूबाट विभिन्न प्रस्तुतिहरू संगसंगै मालारानी गाउँपालिकाको वार्षिक बजेटको विश्लेषण पनि गरिएको थियो । बजेटको विश्लेषण गर्दा महिलाहरूको जीविकोपार्जन सशक्तीकरण, आवाज सशक्तीकरण र विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनका क्षेत्रमा कस्ता क्रियाकलापहरू छुट्टाइएको रहेछ र कति बजेट विनियोजन गरिएको रहेछ भन्ने कुरा हेरिएको थियो ।

उक्त वार्षिक कार्यक्रम तथा बजेट विश्लेषण गर्दा शिर्षकहरू सहयोगी तथा तटस्थ देखियो तर कार्यान्वयन गर्दा महिला तथा बालबालिकालाई प्रत्यक्ष सहयोग पुऱ्याएको देखियो । यसबाट आगामी वर्षको कार्यक्रमहरूको तर्जुमा गर्दा महिला लक्षित कार्यक्रम तथा बजेटको शीर्षक स्पष्ट हुने गरी राख्नको लागि अभ्यास गरिएको थियो । सो अभ्यासमा पालिकाका कर्मचारी, जनप्रतिनिधिहरू र गाउँ कार्यपालिका सदस्य सहभागी रहेका थिए ।

यी छलफलहरूमा जनप्रतिनिधिहरू तथा कर्मचारीबाट बजेट नै कम हुँदा महिला तथा बालबालिका लक्षित कार्यक्रम बनाउन नसकिएको भन्ने धारणा अक्सर आउँदछ । यस्तो छलफलहरूमा महिला लक्षित कार्यक्रमहरू बाहेकका जस्तै पुर्वाधार विकासका कार्यक्रमहरू पनि लैङ्गक लैङ्गिक उत्तरदायी बनाउन सकिन्छ भन्ने कुरा उदाहरण सहित बुझाउनु पर्दछ ।

## २.४ चौथो चरण: पालिकाको वार्षिक बजेटमा विनियोजनमा स्रोत सुनिश्चितता

यस चरणमा पालिकाको वार्षिक योजनामा लैङ्गिक आवश्यकता र अवरोध सम्बोधन गर्ने कार्यक्रमहरू समावेश भएको र त्यसको लागि बजेट विनियोजन गरिएको सुनिश्चित गर्नुपर्छ । यस चरणमा निम्न क्रियाकलापहरू गर्नुपर्छ:

- लैङ्गिक अवरोधहरूलाई सम्बोधन गर्न पहिचान गरिएका कार्यक्रमहरू पालिकाको वार्षिक योजनामा पारी सोको लागि बजेट विनियोजन गर्ने ।
- महिला तथा बालबालिकाहरूलाई फाइदा पुऱ्याउने गतिविधिहरूमा पर्याप्त स्रोतहरू छुट्याइएको सुनिश्चित गर्ने ।
- आवश्यकता अनुसार पुरुष लक्षित लैङ्गिक सचेतनाको कार्यक्रमहरू समेत समावेश गर्न सकिने ।
- पालिकाको स्रोत र साधन मार्फत कार्यान्वयन गरिने सबै क्षेत्रका कार्यक्रमहरू लैङ्गिक उत्तरदायी भए नभएको विश्लेषण गर्ने तथा कम भएका क्षेत्रमा स्रोत र साधनको पुनर्वितरण गर्ने ।



यस सम्बन्धमा मालारानी गाउँपालिकामा गरिएको अभ्यास बक्स नं. ५ मा उल्लेख गरिएको छ ।

## बक्स नं ५: वार्षिक योजना कार्यान्वयनका लागि बजेटको सुनिश्चितता

आफ्नो वार्षिक कार्यक्रम तथा बजेट विनियोजन प्रक्रिया लैङ्गिक उत्तरदायी बनाउँदा सामाजिक विकासमा टेवा पुग्छ र सुशासनलाई सुदृढ बनाउँछ भन्ने कुरा बुझी मालारानी गाउँपालिकाले यसको अभ्यासमा थप जोड दियो । मालारानी गाउँपालिकाले आफ्नो वार्षिक बजेट विनियोजन गर्दा लैङ्गिकताको दृष्टिकोणबाट हुनुपर्ने कुरालाई आत्मसाथ गर्‍यो । तसर्थ लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रियामा पालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरूलाई अभ्यस्त गराउन एक पालिकाले दिवसीय तालिमको आयोजना गर्‍यो ।

सो तालिममा लैङ्गिक उत्तरदायी बजेटको मूल्यांकन गर्ने पद्धतिको विस्तृत बुझाई र छलफल पश्चात् प्रस्तावित कार्यक्रम तथा बजेटको पुनः विश्लेषण गरियो । यसका लागि विभिन्न सहभागीहरू विभिन्न समूहमा विभाजित भएर क्षेत्रगत बजेट लैङ्गिक उत्तरदायी हिसाबले निर्दिष्ट, सहयोगी, वा तटस्थ के छन् भन्ने विश्लेषण गरियो । यसैसँग तटस्थ बजेटलाई कसरी सहयोगी वा निर्दिष्ट र सहयोगी बजेटलाई कसरी निर्दिष्ट बनाउन सकिन्छ भन्ने कुराको पनि छलफल गरियो ।

अभ्यासको क्रममा समूहहरूले विभिन्न क्षेत्रका कार्यक्रमहरूले जीविकोपार्जन सशक्तीकरण, आवाज सशक्तीकरण वा विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तन मध्ये कुन शीर्षकमा सहयोग गर्छन् र ती कार्यक्रमहरूका लागि छुट्याइएका बजेट निर्दिष्ट, सहयोगी, वा तटस्थ छन् भन्ने छलफल गरियो । उदाहरणका लागि नयाँ उद्यमी सिर्जना, पुनर्ताजगी तालिम तथा सीप विकास कार्यक्रमले जीविकोपार्जन सशक्तीकरणमा टेवा पुर्‍याउने र लैङ्गिक उत्तरदायी हिसाबले सहयोगी देखिने कुराको छलफल समूहमा भयो र यसलाई निर्दिष्ट बनाउन यसको शीर्षकमा महिला उद्यमी सिर्जना, पुनर्ताजगी तालिम तथा सीप विकास कार्यक्रम भनेर राख्नुपर्ने निष्कर्ष पनि समूहबाट नै आयो । त्यसैगरी युवा रोजगारी सिर्जना कार्यक्रमलाई निर्दिष्ट बनाउन महिलाको लागि रोजगारी सिर्जना कार्यक्रम भन्ने शीर्षक राख्नुपर्ने छलफल समूहहरूले गरे । यसरी नै समूहहरूले विभिन्न क्षेत्रका कार्यक्रमहरूको विश्लेषण र प्रस्तुति गरे । यो अभ्यासले पालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरूलाई लैङ्गिक उत्तरदायी बजेटको अवधारणा र यसको मूल्याङ्कन प्रक्रिया बुझ्न मद्दत भयो ।

## २.५ पाँचौ चरण: लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रियाको अनुगमन तथा मूल्याङ्कन

यस चरणमा पालिकाको वार्षिक कार्यक्रमहरूको अनुगमन तथा ती कार्यक्रम कार्यान्वयनका चुनौतीहरूको लेखाजोखा गर्नुपर्छ । यस चरणमा गरिने क्रियाकलापहरू निम्न छन्:

- पालिकामा कार्यान्वयन भइरहेका कार्यक्रमहरूको समय समयमा अनुगमन र मूल्याकंन गर्ने ।
- अनुगमन मूल्याकंन गर्दा बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौतीहरूलाई टिपोट गरी त्यसको समाधानका उपायहरू खोज्ने ।
- अघिल्लो वर्षको कार्यक्रमको अनुगमन मूल्याङ्कनबाट भएका सिकाइहरूका आधारमा आगामी वर्षको कार्यक्रम र बजेट तर्जुमा गर्ने ।

मालारानी गाउँपालिकाले आफ्नो कार्यक्रमहरू लैङ्गिक उत्तरदायी बजेटको दृष्टिकोण अनुरुप तयारीका लागि सहजीकरण र अनुगमन गर्न पाँच सदस्यीय समिति गठन गरी गाउँ परिषद् बैठकबाट पारित गरेको छ । गाउँपालिकाको नेतृत्वमा गठन गरिएको यो समितिमा पालिका उपाध्यक्ष, महिला शाखा प्रमुख, सामाजिक शाखा प्रमुख, एक नगर परिषद् सदस्य (महिला), र एक वडा अध्यक्ष समावेश छन् ।

यस सहजीकरण तथा अनुगमन समितिले लैङ्गिक उत्तरदायी बजेट निर्माणका चरणहरू (चित्र नं: ४) मा सक्रिय सहभागिता जनाउनु पर्दछ ।




चित्र ४: लैंङ्गिक उत्तरदायी बजेट निर्माणका चरणहरु


## ३. लैङ्गिक उत्तरदायी बजेटको विश्लेषण विधिः बजेटको कोड र अङ्क प्रदान गर्ने तरिका

पालिकाको वार्षिक योजना र ती योजनाको उद्देश्य हासिल गर्न बनाइएका क्रियाकलापहरूलाई लैङ्गिक उत्तरदायी दृष्टिकोणबाट निम्नानुसार विश्लेषण गर्न सकिन्छः

- पालिकाले आफ्नो प्रस्तावित वार्षिक योजना तथा क्रियाकलापहरू हेर्ने ।
- ती योजना अन्तर्गतका क्रियाकलापहरूले महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तीकरण र संरचनात्मक विभेदलाई न्यूनीकरण गर्छन् कि गर्दैनन् भन्ने पत्ता लगाउने ।
- वार्षिक क्रियाकलापहरूले माथि उल्लेखित तीन क्षेत्रमा पुऱ्याउने योगदानलाई तीन तहमा छुट्याउने ।
  - » पहिलो तहमा महिला तथा बालिकाहरूलाई प्रत्यक्ष रूपमा लाभ पुऱ्याउने क्रियाकलापहरू पर्छन्, जसलाई **निर्दिष्ट कार्यक्रम** भनिन्छ (उदाहरणका लागिः महिला श्रमिकलाई दक्ष कार्य सम्बन्धी तालिम, बालिकाहरूको लागि छात्रवृत्ति) ।
  - » दोस्रो तहमा महिला सशक्तीकरण तथा लैङ्गिक समानताका लागि सहज वातावरणको श्रृजना गर्ने क्रियाकलापहरू पर्छन्, जसलाई **सहयोगी कार्यक्रम** भनिन्छ (उदाहरणका लागिः लैङ्गिक विषयवस्तु र विभेदजन्य मूल्य मान्यता परिमार्जन गर्न अभिमुखीकरण कार्यक्रम, खण्डिकृत तथ्याङ्क संकलन)
  - » तेस्रो तहमा महिला सशक्तीकरण तथा लैङ्गिक समानताका विषयलाई सम्बोधन गर्ने क्रियाकलापहरू पर्छन्, जसलाई **तटस्थ कार्यक्रम** भनिन्छ (उदाहरणका लागिः प्रविधि हस्तान्तरण कार्यक्रम, युवा रोजगारी सिर्जना) ।
- क्रियाकलापहरूको योगदान पहिल्याई सकेपछि, ती क्रियाकलापहरूलाई कोड दिने । प्रस्तावित क्रियाकलापहरू निर्दिष्ट भए

कोड १, सहयोगी भए कोड २ र तटस्थ भए कोड ३ दिने ।

- क्रियाकलापहरूको कोडिङ पश्चात् त्यो योजना लैङ्गिक उत्तरदायित्वको हिसाबले निर्दिष्ट, सहयोगी वा तटस्थ के हो विश्लेषण गर्ने र कोड दिने ।
  - » यसका लागि क्रियाकलापको बजेटको जम्मा, योजनाको कूल बजेटको ६० प्रतिशत भन्दा माथि छ भने त्यस्तो योजनालाई कोड १ (निर्दिष्ट) दिने ।
  - » यदि क्रियाकलापको बजेटको जम्मा, योजनाको कूल बजेटको १० देखि ५९ प्रतिशत छ भने त्यस्तो योजनालाई कोड २ (सहयोगी) दिने र
  - » यदि क्रियाकलापको बजेटको जम्मा, योजनाको कूल बजेटको ९ प्रतिशत वा त्योभन्दा कम छ भने त्यस्तो योजनालाई कोड ३ (तटस्थ) दिने ।




लैङ्गिक उत्तरदायी बजेटको विश्लेषण गर्दा क्रियाकलापहरू तथा योजनालाई कोडिङ र अङ्क प्रदान गर्ने तरिका तालिका नं २ मा प्रस्तुत गरिएको छ ।

तालिका २: उदाहरण पूर्वाधार विकास: खनदह बजारमा आकाशेपुल निर्माण

| **कार्यक्रम, क्रियाकलापहरू** | **जीविकोपार्जन र आवाज सशक्तीकरण, विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने कार्यक्रम /क्रियाकलापहरू** | **क्रियाकलाप वर्गीकरण, लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ)** | **बजेट रकम (रू.)** |
|---|---|---|---|
| आकाशेपुल निर्माण | | २ | ८५,००,००० |
| निर्माण व्यवसायी तथा टोलीलाई लैङ्गिक विषयवस्तु सहित आयोजनाको आवश्यकताका बारेमा अभिमुखीकरण | विभेद जन्य नीति तथा मूल्य मान्यताहरूमा परिवर्तन | सहयोगी, २ | १,००,००० |
| पर्याप्त प्रकाश, शौचालय र बाल हेरचाह सुविधा सहितको श्रम क्याम्प | जीविकोपार्जन सशक्तीकरण | सहयोगी, २ | १,००,००० |
| महिला निर्माण व्यवसायीहरूलाई स-साना निर्माण सम्बन्धी कार्य गर्ने तालिम | जीविकोपार्जन सशक्तीकरण | निर्दिष्ट, १ | १,००,००० |
| १५ जना महिला श्रमिकलाई दक्ष कार्य सम्बन्धी तालिम | जीविकोपार्जन सशक्तीकरण | निर्दिष्ट, १ | १,००,००० |
| यौनजन्य हैरानी तथा सुरक्षा सम्बन्धी महिला श्रमिकहरूलाई तालिम | आवाज सशक्तीकरण | निर्दिष्ट, १ | १,००,००० |

| **कार्यक्रम, क्रियाकलापहरू** | **जीविकोपार्जन र आवाज सशक्तीकरण, विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने कार्यक्रम /क्रियाकलापहरू** | **क्रियाकलाप वर्गीकरण, लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ)** | **बजेट रकम (रू.)** |
|---|---|---|---|
| यौनजन्य हैरानी तथा महिला श्रमिकसँग कार्य गर्ने सम्बन्धमा पुरुष श्रमिकहरूलाई तालिम | विभेद जन्य नीति तथा मूल्य मान्यताहरूमा परिवर्तन | सहयोगी, २ | १,००,००० |
| सबैको प्रयोगका लागि ज्येष्ठ नागरिक (वृद्द महिला सहित) मैत्री सुविधा (खण्ड खण्ड भएको भर्याङ, राम्रो रेलिङ, विश्राम स्थल) तथा व्हीलचेयरको पहुँच भएको र तबअतर्षभ सुविधा सहितको (अपाङ्गता भएका महिला सहित अपाङ्गहरूको लागि) आकाशेपुल निर्माण | जीविकोपार्जन सशक्तीकरण | सहयोगी, २ | १५,००,००० |
| आकाशे पूलका लागि निर्माण सामाग्री खरिद | सान्दर्भिक नहुने | तटस्थ, ३ | ४०,००,००० |
| पुरुष श्रमिकलाई ज्याला | सान्दर्भिक नहुने | तटस्थ, ३ | १५,००,००० |
| महिला श्रमिकलाई ज्याला | जीविकोपार्जन सशक्तीकरण | निर्दिष्ट, १ | ५,००,००० |
| अन्य खर्च | सान्दर्भिक नहुने | तटस्थ, ३ | ४,००,००० |

| कार्यक्रम, क्रियाकलापहरू | जीविकोपार्जन र आवाज सशक्तीकरण, विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने कार्यक्रम /क्रियाकलापहरू | क्रियाकलाप वर्गीकरण, लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) | बजेट रकम (रू.) |
|---|---|---|---|
| परिवर्तनका क्षेत्रहरू (%) र लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणका १, २, ३ वर्गका लागि कूल बजेट | जीविकोपार्जन सशक्तीकरण: २७% आवाज सशक्तीकरण: १% विभेद जन्य नीति तथा मूल्य मान्यताहरूमा परिवर्तन : २५% सान्दर्भिक नहुने: ६९% | निर्दिष्ट: ९% सहयोगी: २१% तटस्थ: ६९% | सङ्केत (कोड) १- ८,००,००० सङ्केत (कोड) २- १८,००,००० सङ्केत (कोड) ३- ५९,००,००० |
| कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) | | २ | |

स्रोत: प्रादेशिक र स्थानीय तह लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशका, २०७७

## मालारानी गाउँपालिकामा गरिएको अभ्यास

मालारानी गाउँपालिकामा कार्यक्रमहरू तथा क्रियाकलापहरूको विश्लेषण गर्दा त्यसलाई कोड गर्ने र अंक दिने प्रक्रियाको अभ्यास गरिएको थियो । सो अभ्यासमा पालिकाका कर्मचारी, जनप्रतिनिधिहरू र गाउँ कार्यपालिका सदस्य सहभागी रहेका थिए । चार वटा समूहमा विभाजन भई गरिएको सो अभ्यासको एउटा नमूना तल प्रस्तुत गरिएको छ ।

**तालिका ३: मालारानी गाउँपालिकामा गरिएको समूह कार्य १**

| **कार्यक्रम, क्रियाकलापहरू** | **जीविकोपार्जन सशक्तीकरण, आवाज सशक्तीकरण, विभेदजन्त्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने कार्यक्रम/ क्रियाकलापहरू** | **क्रियाकलाप वर्गीकरण, लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ)** | **बजेट रकम (रू.)** | **क्रियाकलापहरूलाई कसरी लैङ्गिक उत्तरदायी बनाउन सकिन्छ ?** |
|---|---|---|---|---|
| गा.पा.को सिफारिसमा उद्यमीहरूलाई वित्तिय संस्थाबाट ऋण लिनेलाई ब्याजमा ५०% अनुदान | जीविकोपार्जन सशक्तीकरण | तटस्थ | ४,००,००० | गा.पा.को सिफारिसमा उद्यमीहरूलाई (कम्तीमा १५ जना महिला उद्यमी) वित्तिय संस्थाबाट ऋण लिनेलाई ब्याजमा ५०% अनुदान |
| अति गरिबका (१०) लागि साझा सुविधा केन्द्रको स्थापना | जीविकोपार्जन सशक्तीकरण | सहयोगी | ५,००,००० | अति गरिबका (१० जना मध्ये कम्तीमा ५ जना महिलालाई दिने) लागि साझा सुविधा केन्द्रको स्थापना |

| | | | | |
|---|---|---|---|---|
| युवा रोजगारी सृजना | जीविकोपार्जन सशक्तीकरण | तटस्थ | ४७,५२,००० | युवा रोजगारी सृजना - ५०% अवसर महिलालाई दिनुपर्ने |
| रोजगार रणनीति तर्जुमा अद्यावधिक, कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रर्वद्दन कार्यक्रम सञ्चालन | आवाज सशक्तीकरण | सहयोगी | १,००,००० | रोजगार रणनीति तर्जुमा अद्यावधिक, कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रर्वद्दन कार्यक्रममा महिलालाई प्राथमिकता |
| नयाँ उद्यमी सिर्जना, पुनर्ताजगी तालिम तथा सिप विकास | जीविकोपार्जन सशक्तीकरण | सहयोगी | ११,०६,००० | नयाँ उद्यमी सिर्जना, पुनर्ताजगी तालिम तथा सिप विकास ( कम्तीमा १० जना महिला हुनुपर्ने) |

| | | | | |
|---|---|---|---|---|
| परिवर्तनका क्षेत्रहरू (%) र लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणका १, २, ३ विर्गका लागि कूल बजेट | जीविकोपार्जन सशक्तीकरण: ९८.५%<br>आवाज सशक्तीकरण: १.५%<br>विभेद जन्य नीति तथा मूल्य मान्यताहरूमा परिवर्तन : ०% | निर्दिष्ट: ०%<br>सहयोगी: २४.९%<br>तटस्थ: ७५.१% | सङ्केत (कोड) १- ०<br>सङ्केत (कोड) २- १७,०६,०००<br>सङ्केत (कोड) ३- ५१,५२,००० | |
| कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) | | २ | | |

## ४. लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रिया संस्थागत

कुनै पनि पालिकाले लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रिया अवलम्बन गर्न आवश्यक रणनीति बनाई कर्मचारीहरूको क्षमता अभिवृद्दि गर्नुपर्छ । सो प्रक्रियामा सहजीकरण र समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्न एउटा समिति समेत बनाउन सकिन्छ । तसर्थ लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रिया संस्थागत गर्न निम्न कार्यहरू गर्न सकिन्छ :

- लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारी कार्यान्वयनका लागि पालिकाले आवश्यक रणनीति तथा कार्यविधि निर्माण गर्ने ।
- अनुगमन समितिको गठन गर्ने र गाउँ वा नगर सभाबाट अनुमोदन गर्ने ।
- लैङ्गिक उत्तरदायी बजेटको अवलम्बन गर्न सम्बन्धीत शाखा प्रमुख तथा कर्मचारीहरू र जनप्रतिनिधिहरूलाई लैङ्गिक उत्तरदायी बजेटबारे अभिमुखीकरण र प्राविधिक क्षमताको विकास गर्ने ।

## ५. लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका चुनौतीहरू

पालिकाहरूले लैङ्गिक उत्तरदायी बजेट प्रक्रिया अवलम्बन गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न विभिन्न खाले चुनौतीहरूको सामना गर्नुपर्ने देखिन्छ । मालारानी गाउँपालिकासँग लैङ्गिक उत्तरदायी बजेट संस्थागत गर्नका लागि सहकार्य गर्दा देखिएका केही चुनौतीहरू निम्नानुसार छन् :

- ❖ महिला, गरीब तथा अन्य लक्षित समुदायको खण्डिकृत तथ्याङ्कको अभाव ।
- ❖ महिला र बालिकाहरूको वास्तविक आवश्यकताको आधारमा समावेशी कार्यक्रम र बजेट तर्जुमा र कार्यान्वयनमा कमी ।

- लैङ्गिक दृष्टिकोणबाट बजेट तर्जुमा गर्ने प्राविधिक क्षमताको कमी ।
- अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा लैङ्गिकताको विषयवस्तुलाई समावेश नगर्दा लक्षित वर्गले प्राप्त फाइदाको लेखाजोखा गर्न कठिन ।
- नीति तथा कानून मस्यौदा तय गर्न कानून विशेषज्ञ कर्मचारीको अभाव ।
- नीतिहरू बने पनि त्यसको कार्यान्वयन पक्षमा बुझाइको एकरुपता नभएको ।

## सन्दर्भ सामग्री


१. नेपालको संविधान २०७२

२. प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७

३. राष्ट्रिय लैङ्गिक समानता नीति २०७७

४. सामाजिक समावेशीकरण नीति २०७६

५. लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति २०७२

६. लैङ्गिक उत्तरदायी बजेट, अर्थ मन्त्रालय २०६५

७. मानव विकास प्रतिवेदन, २०२३/२०२४

८. नेपाल जनसांखिकीय र स्वास्थ्य सर्वेक्षण रिर्पोट, २०२२

९. राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण, २०२१







प्रकाशक :

SIAS SOUTHASIA INSTITUTE OF ADVANCED STUDIES

IDRC · CRDI

Canada